आज (माघ ३, २०८०) बसेको केन्द्रीय समिति बैठकले विभागहरुलाई विषयगत कामको जिम्मेवारी निम्नानुसार दिने निर्णय गरेको छ:

| क्र. सं. | विभाग | तोकिएको काम |
|---|---|---|
| १. | नीति तथा विचार विभाग | उल्लेखित विभागहरुको कामलाई पार्टी नीतिअनुरुप गराउन समन्वय गर्ने |
| २. | प्रशिक्षणविभाग | प्रशिक्षणका कार्यक्रम नियमित गर्ने |
| ३. | संगठनविभाग | महाधिवेशन केन्द्रीत काम गर्ने |
| ४. | अभियानतथा प्रचार प्रसार विभाग | नियमित अभियान गर्ने, पार्टीले गरेका कामलाई प्रचार-प्रसार गर्ने |
| ५. | अन्तर्राष्ट्रियसम्बन्ध विभाग | पार्टीको विदेश भ्रमण सम्बन्धि प्रोटोकल तयार पार्ने |
| ६. | प्रवासनेपाली सम्पर्क विभाग | प्रवासमा रहेका नेपालीहरूको विविध तहमा रहेका समस्याहरू अध्धयन गरी समाधानका उपाय सहित तत्काल काम सुरु गर्ने |
| ७. | मानवीयविकास प्रवर्द्धन विभाग | गैर-सरकारी क्षेत्रकासम्बन्धमा पार्टीको अवधारणा पत्रतयार गर्ने |
| ८. | RAT विभाग | विपदव्यवस्थापनका बेला पार्टीले कसरी कामगर्नेभन्नेकार्ययोजना बनाउने |
| ९. | उत्पादनप्रवर्द्धन विभाग | पार्टी सदस्यलाईउत्पादन केन्द्रित गराउने गरी कार्ययोजना तयार गर्ने |
| १०. | नेतृत्वक्षमता तथा मानव संसाधन विकास विभाग | केन्द्रीय समिति सदस्यहरुको नेतृत्व (क्षमता) विकास गर्न कामहरु गर्ने/एक महिनाभित्र क्षमता विकासको एउटा कार्यक्रम आयोजना गर्ने |
| ११. | सार्वजनिक मामिला विभाग | देश-विदेशमा भएका नेपालसँग सरोकार राख्ने घटनाको केन्द्रीय समितिका सदस्यहरुलाई दैनिक रिपोर्टिङगर्ने गरी कार्ययोजना तयार गरीलागु गर्ने |
| १२. | भ्रष्टाचारनिवारण तथा सुशासन प्रवर्द्र्धन विभाग | एनसेल प्रकरणका बारेमा विस्तृत अध्ययन गरी पार्टीलाई यथासिध्र प्रतिवेदन बुझाउने |
| १३. | आर्थिकव्यवस्थापन विभाग | कोष अभिवृद्धिको योजना बनाएर कार्यान्वयन गर्ने |
| १४. | गुनासोव्यवस्थापन विभाग | केन्द्रीयस्तरमा भएको आइटी सिस्टमलाई पार्टीको वडा तहसम्म लागु गरी गुनासो व्यवस्थापनमा चुस्तता ल्याउने |
| १५. | विकासयोजना तथा नीति तर्जुमा विभाग | वडातहका संरचनाले बनाउनु पर्ने गुरुयोजना एवं बाचापत्रका लागि मोडेल बनाउने/प्रशिक्षण दिने |
| १६. | तथ्याङ्कअनुसन्धान तथा अभिलेखीकरण विभाग | नियमित तथ्यांक उपलब्ध गराउनका लागि संरचनागत व्यवस्था तयार गर्ने/ वातारण बनाउने |
| १७. | विधेयकमन्थन विभाग | नेपालमा ऐन, कानुन निर्माणप्रक्रिया झन्झन्टिलो भएको, ढिलासुस्ती भएको, यसलाई सुधार गर्न के गर्नु पर्ने, समस्याको पहिचान गरी प्रतिवेदन पेस गर्ने |
| १८. | गैर-आवासीयनेपाली सम्पर्क विभाग | गैरआवासीय नेपाली सम्बन्धि अवधारणा पत्र तयार गर्ने, उनीहरुको क्षमता, सीप र लगानी नेपालमा भित्र्याउने योजना बनाउने |
| १९. | कानुनतथा न्याय विभाग | नेपालका अप्रासांगिककानुनलाई समयानुकुल बनाउनु पर्ने र आवश्यक नयाँ कानुन बनाउनु पर्नेको सुची तयार पार्ने |
| २०. | अर्थनीति विभाग | पार्टी भित्र प्रि-बजेट छलफल कार्यक्रम आयोजना गर्ने |
| २१. | सार्वजनिकलेखा समीक्षा विभाग | महालेखा परीक्षकको कार्यालयले गत वर्षको प्रतिवेदनमा औल्याएका बेरुजुहरु संसद रसमितिमालैजाने/ अन्तरक्रियात्मक कार्यक्रम पनि आयोजना गर्ने |
| २२. | शिक्षाविभाग | बाचापत्रमा उल्लेखभएअनुसारछाता विश्वविद्यालय ऐनको गैर-सरकारी विधेयकको |

| | | |
|---|---|---|
| | | मस्यौदा तयार पार्ने |
| २३. | स्वास्थ्यतथा जनसंख्या विभाग | स्वास्थ्य बिमालाई प्रभावकारी बनाउन के गर्नुपर्छ अध्ययन गरी प्रतिवेदन बुझाउने |
| २४. | कृषिविभाग | आलु र प्याजमा नेपाललाई कसरी आत्मनिर्भर बनाउन सकिन्छ भन्नेबारेअध्ययन गरी प्रतिवेदन बुझाउने |
| २५. | पर्यटनतथा संस्कृति विभाग | नेपालमा राष्ट्रिय/ अन्तर्राष्ट्रियविमानस्थलकुन-कुन ठाउँमा आवश्यक छन्, भएका सबै विमानस्थलको सञ्चालन आवश्यक छ/छैन अध्ययन गरी प्रतिवेदन बुझाउने, युरोपियन युनियनको रेफ्टी लिस्टबाट हट्न नेपालले गर्नुपर्ने कामका लागि सरकारलाई निरन्तर दबाब दिने |
| २६. | मुद्रातथा पुँजी बजार विभाग | दोस्रो स्टक एक्सचेन्जमाभएका नीतिगत भ्रष्टाचारलाईजनतामाझभण्डाफोर गर्ने |
| २७. | उद्योगतथा वाणिज्य विभाग | नेपाल व्यवसाय गर्ने वातावरणको सूचीमा विश्वव्यापी रूपमै कमजोर रहेकाले यसलाई सुधार्न गर्नुपर्ने नीतिगत एवं ऐन परिमार्जनलगायतका विषयमा प्रतिवेदन तयार गर्ने |
| २८. | श्रम तथाउपभोक्ता हित विभाग | वैदेशिक रोजगारीमा भएका समस्यालाई सुचिकृत गरी त्यसको समाधानका लागि सरोकारवालासँग छलफल चलाइ त्यसबाट आएको निस्कर्ष पार्टीलाई बुझाउने |
| २९. | यातायातविभाग | सार्वजनिक यातायात क्षेत्रका मुख्य समस्या पहिचान गरी समाधानका तत्कालिन र दीर्घकालिन उपाय अध्ययन गरी प्रतिवेदन बुझाउने |
| ३०. | पूर्वाधारविकास अनुगमन विभाग | सार्वजनिक खरिद ऐन संसोधन मस्यौदा तयारीमा विविध क्षेत्रसँग छलफल गर्ने, काठमाडौं उपत्यकामा खानेपानी समस्याको दीर्घकालिन समाधानका उपायबारे अध्ययन गरी प्रतिवेदन दिने |
| ३१. | युवातथा खेलकुद विभाग | देशमा विभिन्न ठाउँमा विभिन्न खेलका रंगशाला, एकेडेमीरभौतिक संरचना कहाँ-कहाँ आवश्यक छन्, गुरु योजना तयार गर्ने/ युवा नीति मस्यौदा गर्ने |
| ३२. | विज्ञान, सञ्चार तथा सूचना प्रविधि विभाग | आइटीपार्कको गुरुयोजना लागु गर्ने के के गर्नुपर्ने हो, त्यसको सूचीतयार गर्ने |
| ३३. | मानवअधिकार विभाग | संविधानकोधारा २६५ अनुरुप आवश्यक पार्टीको धारणातय गर्ने |
| ३४. | सहकारीविभाग | सहकारीको समस्या दीर्घकालिनरुपमा समाधान गर्नका लागि भएको ऐनमा के-के सुधार गर्नु पर्छ त्यसको अध्ययन गरेर प्रतिवेदन पेश गर्ने |
| ३५. | वन, वातावरण तथा प्रकृतिक स्रोत विभाग | वनपनि जोगिने विकासपनि नरोकिने गरी विद्यमान कानुनमा गरिनुपर्ने संसोधन प्रस्ताव गर्ने |
| ३६. | महिलातथा सामाजिक विकास विभाग | रेमिट्यान्सर आयातमुखी अर्थतन्त्रको भुमरीबाट नेपाललाई निकाल्न महिलाहरुलाई उत्पादन क्षेत्रमा क्रियाशील गराउन आवश्यकदेखिएकाले सो अनुरुप कार्ययोजना तयार गर्ने |
| ३७. | नवप्रवर्तन तथा स्टार्टअप विभाग | Incubation Center सञ्चालनमा ल्याउन गर्नुपर्ने कामबारे अध्ययन गरी प्रतिवेदन पेश गर्ने |